**HYDROELECTRICITY INVESTMENT AND DEVELOPMENT COMPANY LIMITED**
**NEW BANESHWOR, KATHMANDU**
**UNAUDITED FINANCIAL STATEMENTS**
**AT THE FOURTH QUARTER ENDING ON 32.03.2079 (16.07.2022)**
**OF THE FISCAL YEAR 2078/79**

In Rupees

| Statement of Financial Position<br>Particulars | This Quarter Ending 32nd Ashad 2079 | Previous Quarter Ending 30th Chaitra 2078 | Corresponding Previous Year Quarter Ending 31st Ashad 2078 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non Current Assets** | **9,581,001,538** | **9,053,651,941** | **6,958,436,769** |
| Intangible Assets | 5,738,392 | 5,682,951 | 6,685,825 |
| Property Plant and Equipments | 10,942,571 | 5,953,971 | 8,112,855 |
| Investment Work in Progress | 40,876,601 | 40,794,101 | 40,772,846 |
| Deferred Tax Assets | 4,311,254 | 3,643,291 | 3,643,291 |
| Investment in Subsidiary | 886,270,000 | 836,270,000 | 756,270,000 |
| **Financial Instruments** | | | |
| Investment in Equity | 1,754,225,000 | 1,294,225,000 | 706,550,000 |
| Investment in Corporate Bonds | 80,000,000 | 80,000,000 | 80,000,000 |
| Loan to Power Projects (Net) | 6,388,236,797 | 6,398,706,458 | 4,108,910,558 |
| Onlending | 410,400,922 | 388,376,169 | 1,247,491,395 |
| **Current Assets** | **13,807,201,561** | **13,551,313,432** | **13,079,240,831** |
| Prepayments and Advances | 14,932,684 | 13,864,973 | 29,061,752 |
| Current Tax Assets | 482,125,066 | 603,194,382 | 896,311,718 |
| Inventory | 126,790 | 164,175 | 164,175 |
| **Financial Instruments** | | | |
| Accrued Income | 74,738,720 | 76,415,343 | 80,509,865 |
| Staff Advances and Loans | 1,709,123 | 1,958,480 | 1,963,877 |
| Term Deposits with Banks | 12,380,000,000 | 12,350,000,000 | 11,920,000,000 |
| Cash and Bank Balances | 853,569,178 | 505,716,078 | 151,229,445 |
| **TOTAL ASSETS** | **23,388,203,099** | **22,604,965,372** | **20,037,677,600** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | **22,388,891,262** | **21,656,309,147** | **18,263,379,439** |
| Paid Up Share Capital | 20,715,052,000 | 18,700,000,000 | 16,500,000,000 |
| Share Premium | - | - | - |
| Reserves | 1,673,839,262 | 2,956,309,147 | 1,763,379,439 |
| **Liabilities** | | | |
| **Non Current Liabilities** | **414,613,163** | **391,656,112** | **1,253,492,604** |
| Retirement Benefit Obligations | 4,212,241 | 3,279,943 | 6,001,209 |
| **Financial Instruments** | | | |
| On-lending | 410,400,922 | 388,376,169 | 1,247,491,395 |
| **Current Liabilities** | **584,698,673** | **557,000,114** | **520,805,557** |
| Provisions | 444,040,847 | 423,938,512 | 374,516,865 |
| Current Tax Liability | - | - | - |
| Other Financial Liabilities | 140,657,826 | 133,061,601 | 146,288,691 |
| **TOTAL EQUITY AND LIABILITIES** | **23,388,203,099** | **22,604,965,372** | **20,037,677,600** |

| Statement of Profit or Loss<br>Particulars | This Quarter Ending 32nd Ashad 2079 | Previous Quarter Ending 30th Chaitra 2078 | Corresponding Previous Year Quarter Ending 31st Ashad 2078 |
|---|---|---|---|
| **Revenue** | | | |
| Revenue from Contract with Customers | 3,452,225 | 2,168,330 | 988,632 |
| Finance income | 1,528,846,635 | 1,082,629,292 | 1,287,232,924 |
| Dividend Income | 14,148,000 | 14,148,000 | 10,773,000 |
| Other income | 365,281 | 343,884 | 107,639 |
| **Expenses** | | | |
| Employee Benefits | (100,040,376) | (70,594,369) | (88,641,834) |
| Finance Costs | - | - | - |
| Operating and Administrative Expenses | (29,130,088) | (13,658,749) | (28,350,812) |
| Depreciation and Amortisation | (4,138,537) | (3,474,198) | (3,337,072) |
| Impairments | (23,023,497) | (23,129,252) | (4,820,137) |
| **Profit Before Tax** | **1,390,479,642** | **988,432,938** | **1,173,952,341** |
| Income Taxes | (414,261,652) | (292,285,482) | (374,297,534) |
| **Net Profit** | **976,217,991** | **696,147,457** | **799,654,806** |

| Ratios | This Quarter Ending 32nd Ashad 2079 | Previous Quarter Ending 30th Chaitra 2078 | Corresponding Previous Year Quarter Ending 31st Ashad 2078 |
|---|---|---|---|
| Basic Earning per share (in Rs.) (Annualised) | 4.71 | 4.96 | 4.85 |
| Diluted Earning per share (in Rs.) (Annualised) | 4.71 | 4.60 | 4.85 |
| Market value per share ( in Rs.) | *200.0* | *260.0* | *449.0* |
| Price Earning Ratio | 42.44 | 52.38 | 92.65 |
| Current Ratio | 23.61 | 24.33 | 25.11 |
| Return on Assets (%) (Annualised) | 4.25 | 4.18 | 4.26 |
| Net worth per share (in Rs.) | 108.08 | 107.23 | 110.69 |
| Total Assets per share (in Rs.) | 110.92 | 110.00 | 113.88 |

**Notes**

1. Above figures are subject to change upon instructions of statutory auditors.
2. Company has estimated impairment based on the risk assemment on its investment.
3. The coupon rates approximately reflects the effective interest rate as there are no other incremental costs of charges
4. Staff Bonus, included in the heading "Employee Benefits", is subject to approval from Government of Nepal.
5. Previous year's figures have been regrouped/rearranged whenever necessary to make them comparable with the current years's classification/disclosure.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको आ.व. २०७८/७९ को चौथो त्रैयमासिक अवधिको बिवरण**

**१. वित्तीय बिवरण**

(क) त्रैयमासिक अवधिको वासलात, नाफा/नोक्सान सम्बन्धी बिवरण र प्रमुख वित्तीय अनुपातहरु यसै साथ संलग्न गएिको छ।

(ख) सम्बन्धित पक्षहरु बीच भएको कारोबारः २०७९ असार मसान्तसम्ममा सहायक कम्पनी रेमिट हाइड्रो लि. मा रु. ५३.५० करोड तथा सिम्बुवा रेमिट हाइड्रो लि. मा रु. ३५.१२ करोड शेयर लगानी भइसकेको छ।

**२. व्यवस्थापकीय विश्लेषण**

(क) आ.व. २०७८/७९ को असार मसान्तसम्ममा जलविद्युत परियोजनामा रु ६ अर्व ४५ करोड ऋण प्रवाह भएको छ। यस त्रैयमिसक अवधिमा मात्र रु ३७ करोड ८९ लाख थप ऋण प्रवाह गरिएको र रु ३७ करोड ८८ लाख ऋण असुली गरिएको छ। साथै सोही अविधसम्ममा स्वपूँजी लगानी अन्तर्गत सहायक कम्पनी तथा सार्वजनिक एवम् निजी क्षेत्रबाट प्रवर्द्धित जलविद्युत परियोजना वा कम्पनीहरुमा रु २ अर्व ६४ करोड ६६ लाख स्वपूँजी लगानी भएको छ। यस त्रैयमिसक अवधिमा मात्र रु ५१ करोड थप शेयर लगानी गरिएको छ।

(ख) समीक्षा अवधिको अन्त्यसम्ममा हकप्रद शेयर निष्काशनमार्फत् सर्वसाधरण शेयरधनी समूहबाट रु. २ अर्ब २० करोड शेयर पूँजि संकलन भएको छ। त्यसैगरी संस्थापक शेयरधनी समूह तर्फको रु ३ अर्ब ३० करोड बराबरको अवितरित हकप्रद शेयरको लिलाम बढाबढ प्रकृया मार्फत बिक्री गर्ने प्रकृया अघि बढाइएकोमा २०७९ असार मसान्तसम्ममा रु. ५१ करोड ९० लाख ५२ हजार शेयर पूँजि संकलन भएको छ। हकप्रद शेयर लिलाम गरी शेयर प्रिमियमबापत् रु ५१ करोड ६१ लाख २३ हजार संकलन भएको छ। साथै संस्थापक शेयरधनी समूहतर्फको बाँकी अवितरित हकप्रद शेयरको लिलाम बढाबढ प्रकृया मार्फत बिक्री गर्ने प्रकृया पुनः अघि बढाइएको छ ।

(ग) कम्पनीले समीक्षा अवधिको अन्त्यसम्ममा गत वर्षको सोहि अवधिको तुलनामा कर अघिको मुनाफामा १८.४४% प्रतिशतले वृद्धि भई रु. १ अर्व ३९ करोड आर्जन गरेको छ।

(घ) दशौं वार्षिक साधारण सभाबाट कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गरी कम्पनीले जलविद्युतको क्षेत्रका अलावा अन्य नवीकरणीय उर्जासँग सम्बन्धित परियोजनामा लगानी गर्न सक्ने व्यवस्था गर्नुका साथै, लगानी सम्बन्धी केहि नीतिगत सुधारहरुसमेत गरिएको छ ।

(ङ) नेपाल राष्ट्र बैंकले मिति २०७८/१०/१६ मा सार्वजनिक सूचना प्रकाशन गरी बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ (संशोधन सहित) को दफा ३ (घ) बमोजिम यस कम्पनीलाई उक्त ऐनको व्यवस्था लागू हुने संस्थाको रुपमा तोकेको छ । यस व्यवस्थाबाट कम्पनीले ऋण असूलीका लागि कानूनी आधारसिलाको निर्माण भएको छ । यसै व्यबस्था बमोजिम नेपाल विद्युत प्राधिकरणबाट अघि बढाइएको १०६१ मेगावट क्षमताको अपर अरुण जलविद्युत आयोजना र २१० मेगावट क्षमताको चैनपुर सेती जलविद्युत आयोजनामा यस कम्पनीको अगुवाईमा लगानी प्रक्रिया अघि बढाउने सम्वन्धमा सञ्चालक समितिबाट सैद्धान्तिक स्वीकृति प्राप्त भइ प्रक्रिया अघि बढाइएको छ ।

**३. कानूनी कारबाही सम्बन्धी बिवरण**

यस अवधिमा कम्पनी वा यसका संस्थापक वा सञ्चालकको बिरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धमा कुनै पनि मुद्धा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी बिश्लेषण**

यस कम्पनीको त्रैयमासिक अवधिको शेयर कारोवार सम्बन्धि बिबरण :

| अधिकतम मूल्य (रु.) | न्यूनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | करोवार भएको कुल दिन | कारोवार संख्या | कारोबार भएको शेयर संख्या | कारोवार रकम (रु.) |
|---|---|---|---|---|---|---|
| २७० | १७३ | २०० | ६४ | ३६,५९२ | ५,७२८,०५५ | १,२७८,०४६,२५९.८० |

**५. समस्या तथा चुनौती**

(क) लगानी गरिएका जलविद्युत आयोजनाहरुको लक्ष्य अनुसारको भौतिक प्रगति प्राप्त नहुँदा कम्पनीले प्रतिबद्धता गरे अनुसारको लगानी प्रवाह हुन नसकेका कारण ट्रेजरी व्यवस्थापन गर्न कठिन ।

(ख) कच्चा पदार्थको अभाव, दक्ष जनशक्तिको अभाव, आयातमा निर्भर उपकरणहरु, विदेशी विनिमय तथा कोभिड-१९ महामारीको जोखिमले गर्दा जलविद्युत आयोजनाहरुको निर्माण लागत वृद्धि हुन सक्ने र निर्माण अवधि लम्बिन गई वित्तीय सूचकहरुमा नकारात्मक प्रभाव पर्न सक्ने ।

(ग) प्रशारण लाइनको अभावले गर्दा कम्पनीबाट स्वँपूजी र ऋण लगानी भएका आयोजनाबाट उत्पादित विद्युत विक्री वितरण गर्न नसकिने अवस्था सृजना भई कम्पनीको आय र प्रतिफलमा असर पर्न सक्ने ।

(घ) कम्पनीको शेयर पूँजिको अनुपातमा अन्य स्रोतबाट वित्तीय साधन परिचालनको माध्यमबाट जलविद्युत आयोजनाहरुमा लगानी अभिवृद्धि गरी शेयरधनीलाई उपयुक्त प्रतिफल प्रदान गर्ने ।

(ङ) कम्पनीको कार्य प्रकृति र आवश्यकता अनुसार स्थायी प्रकृतिको दक्ष जनशक्ति आपूर्ति गरी संस्थागत क्षमता र प्रभावकारिता अभिवृद्धि गर्ने ।

## ६. संस्थागत सुशासन

कम्पनीमा संस्थागत सुशासन कायम राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न सञ्चालक समितिद्वारा नीति निर्देशिकाहरु पारित गरी लागू गरिदै आएको छ। कम्पनीको चुस्त कार्य सम्पादन तथा सुशासन अभिबृद्धि गर्नको लागि सञ्चालक समिति अन्तर्गत जोखिम ब्यवस्थापन समिति, लेखापरीक्षण समिति, मानव संशाधन तथा क्षतिपूर्ति ब्यवस्थापन समिति, सम्पति तथा दायित्व व्यवस्थापन समिति लगायत समितिहरुको ब्यवस्था गरिएको छ। यसका साथै प्रचलित कानून, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदैं आएको छ ।

## ७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन।